म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १२ शनिबार २६ साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 10 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नागपञ्चमी पर्व मनाइयो

हेटौंडा, २५ साउन/ मकवानपुरमा नाग पञ्चमी पर्व शुक्रबार परम्परा अनुसार घरका मूलढोकामा नागको तस्वीर टाँसेर पूजा अर्चना गरी मनाइएको छ । नागपञ्चमी पर्व हरेक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने गरिन्छ । यसरी नागको तस्बिर टाँस्दा वर्षभर घरमा नाग, सर्प र बिच्छीलगायत जीवले दु:ख नदिने र अग्नि, मेघ र चट्याङको भयबाट पनि बच्न सकिने धार्मिक विश्वास रहँदै आएको छ । वैदिक मान्यता अनुसार नागलाई सर्पको राजा मानिन्छ । उदयकालको पञ्चमी तिथी भएकाले शुक्रबार दिनभर नै घरघरमा नाग टाँस्न सकिने नेपाल पञ्चाङ्क निर्णायक विकास समितिका कार्यकारी निर्देशक ज्योतिष पण्डित सूर्यप्रसाद ढुंगेलले जानकारी दिएका थिए । मकवानपुरको विभिन्न नागपोखरी र टौदहलगायत देशभरका नागदह, कुण्ड र नाग स्थानमा शुक्रबार विशेषरुपमा पूजाआजा गरी नागको सम्मानका साथ गाईको दूध, अक्षता, दुबो, खीर र रोटीलगायत परिकार प्रसाद चढाइएको थियो । पर्वको दिन घरमा नाग टाँसेपछि खेतबारीमा खनजोत नगर्ने र नाग, सर्पलगायत घिस्रने जनावरलाई मार्नु हुँदैन भन्ने मान्यता पनि छ ।

# मकवानपुरगढीबाट लम्पी स्किनबिरुद्ध खोप अभियान सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ बागमती प्रदेश सरकारले मकवानपुरको मकवानपुरगढी गाउँपालिकाबाट गाईभैंसीमा लाग्ने संक्रामक रोग लम्पी स्किनबिरुद्ध खोप अभियान सुरुवात गरेको छ ।

प्रदेशका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठले शुक्रबार एक स्थानीय कृषकको गोठमा पुगेर गाईभैंसीमा लगाउन प्राविधिकलाई खोप भ्याक्सिन हस्तान्तरण गर्दै साताव्यापी रुपमा चल्ने अभियानको उद्घाटन गरेका हुन् । मन्त्रालयले विहीवार मात्रै पत्रकार सम्मेलन गरेर खोप अभियानबारे जानकारी दिएको थियो । खोप अभियानले विगतमा लम्पी स्किन रोगका कारण किसानले भोग्नुपरेको समस्या र आर्थिक क्षति न्यूनिकरणका लागि मन्त्रालय गम्भीर भएको मन्त्री श्रेष्ठले बताए ।



उनले प्रदेशका ७६ हजार दुईसय ७५ गाईभैंसीमा खोप लगाउने लक्ष्य राखेको उल्लेख गरे । खोप पर्याप्त नभए पनि लम्पी स्किनको संक्रमण फैलिनबाट रोक्न यसले महत्वपूर्ण भूमिका खेल्ने आफूले विश्वास लिएको श्रेष्ठले बताएका छन् । गत आव २०८०/८१ मा लम्पी स्किन रोगको संक्रमबाट बागमती प्रदेशमा ११ हजारभन्दा बढी गाईभैंसीको मृत्यु भएपछि यसवर्ष प्रदेश सरकारले रोग लाग्न सुरु हुनुअघि नै लम्पी स्किनविरुद्धको खोप अभियान सुरु गर्न लागेको उनको भनाइ छ ।

अभियानअन्तर्गत् प्रदेशका १३ जिल्लाका ७६ हजार दुईसय ७५ पशुमा खोप लगाउने लक्ष्य मन्त्रालयले लिएको सचिव विनोदकुमार भट्टराईले जानकारी दिए । प्रदेशमा रहेका १० लाख ११ हजार एकसय ३६ गाई र आठ लाख ३२ हजार एकसय ९३ भैंसीलाई लम्पी रोगको संक्रमण हुन नदिन वार्षिक कार्यक्रमअन्तर्गत् नै खोप अभियानलाई अघि बढाएको उनले बताए ।

प्रदेश सरकारले शुक्रबार बाट ३१ साउनसम्म प्रदेशका मकवानपुरसहित १३ वटै जिल्लामा अभियानका रुपमा खोप कार्यक्रम सञ्चालन गर्दैछ । उपत्यकाको काठमाडौं, ललितपुर, भक्तपुर र र सुवामा भन्दा मकवानपुर, चितवन, धादिङ, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुलीमा बढी गाईभैंसी पालन हुने गरेको छ । बागमतीको चितवन, काभ्रे र मकवानपुर सबैभन्दा धेरै दूध उत्पादन गर्ने जिल्ला हुन् ।

किसानहरु गाईभैंसी पालनबाट आत्मनिर्भर छन् । चितवन, काभ्रे र मकवानपुरमा व्यावसायिकरुपमा पनि गाईभैंसी फार्म सञ्चालन गर्ने किसान बढ्दो क्रममा रहेका छन् । विगतका वर्षमा लम्पी स्किनका कारण धेरै गाईभैंसीको मृत्यु भएकाले किसानहरुले ठूलो क्षति व्यहोर्नु परेको थियो । प्रदेश सरकारले मन्त्रालयले मातहतका पशु सेवा कार्यालयहरु मार्फत् लम्पी स्किनबिरुद्धको ६२ हजार नौसय ७५ डोज खोप लगाउने तयारी गरेको प्रवक्ता सुजन कंडेलले जानकारी दिए ।

प्रदेश सरकारले १३ जिल्लाका लागि तीनसय ७६ जना भ्याक्सिनेटर परिचालन गरेको जनाएको छ । मन्त्रालयले मकवानपुरका लागि सात हजार पाँच सय डोज खोप लगाउन ६२ भक्सिनेटर, ललितपुरका लागि आठ हजार तीन सय २५ डोज खोप लगाउन ५४ भक्सिनेटर, नुवाकोटका लागि ११ हजार डोज खोप लगाउन २५ भक्सिनेटर, धादिङका लागि छ हजार नौ सय डोज खोप लगाउन ४२ भक्सिनेटर परिचालन गरेको छ ।

यसै गरी, चितवनका लागि आठ हजार डोज खोप लगाउन १३ भक्सिनेटर, दोलखाका लागि पाँच हजार डोज खोप लगाउन २५ भक्सिनेटर, काभ्रेका लागि आठ हजार डोज खोप लगाउन ९५ भक्सिनेटर, सिन्धुलीका लागि आठ हजार दुई सय ५० डोज खोप लगाउन ६० भक्सिनेटर सम्बन्धित पशु सेवा कार्यालयहरुबाट नियुक्त गरिएको मन्त्रालयले जानकारी दिएको छ ।

लम्पी स्किन रोगबाट गाईभैंसीको मृत्यु दर ३ दशमलव १ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । लम्पी स्किन संक्रमणपछि दूध उत्पादन ८० प्रतिशतसम्म घट्ने भएकाले मन्त्रालय यसको नियन्त्रणमा गम्भीररुपले अघि बढेको जनाउँछ । बागमती प्रदेशमा वार्षिक चार लाख ५५ हजार एक सय ४२ मेट्रिक टन दूध उत्पादन भइरहेको मन्त्रालयले उल्लेख गरेको छ । कृषकहरुको सहायताका लागि संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयमा लम्पी स्किन रोगको प्रकोप नियन्त्रण अभियान चलाइएको हो ।

मन्त्रालयका अनुसार गत आर्थिक वर्ष ०८०/८१ मा लम्पी स्किन रोगबाट प्रदेशका १३ जिल्लामा ११ हजार दुई सय १८ वटा गाईभैंसीको मृत्यु भएको तथ्याङ्क छ । ३७ हजार ८९ वटा गाईभैंसी संक्रमित भएको र दुईलाख ५६ हजार सात सय ५९ पशु प्रभावित भएको मन्त्रालयले जनाएको छ । बागमतीमा हालसम्म दुई लाख ४५ हजार दुई सय २२ र गत वर्ष ५७ हजार चार सय ३३ वटा गाईभैंसीलाई लम्पी स्किनविरुद्धको खोप लगाइएको थियो ।

संक्रमणका कारण काभ्रेमा दुई हजार चार सय १२, सिन्धुपाल्चोकमा एक हजार तीन सय २८, दोलखामा एक हजार १०, सिन्धुलीमा नौ सय ४९, मकवानपुरमा पाँच सय एक, रामेछापमा नौ सय ७५, चितवनमा चार सय दुई, धादिङमा नौ सय ५९, नुवाकोटमा एक हजार ३४, रसुवामा दुई सय ३६, काठमाडौंमा छ सय पाँच, ललितपुरमा दुई सय ४९ र भक्तपुरमा लम्पीबाट पाँच सय ८८ वटा गाईभैंसी मरेको मन्त्रालयको तथ्याङ्क छ ।

# अधुरो योजनाप्रति खानेपानी मन्त्री खड्काको चासो

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्री श्यामबहादुर खड्काले मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा खानेपानी योजनाको निर्माणमा चासो देखाएका छन् ।

मन्त्री खड्काले विहीबार थाहा नगरपालिका पुगेर खानेपानी योजनाको अवस्थाबारे अनुगमन गरका हुन् । थाहा-२ पालुङस्थित अधुरो अवस्थामा रहेको थाहा खानेपानी तथा सरसफाई परियोजनाको अनुगमनपछि मन्त्री खड्काले प्रदेशअन्तर्गत्का अधुरा योजनाहरुलाई सम्पन्न गरी नागरिकको घरमा खानेपानीको पहुँच पुर्याइने बताए । नागरिकको आधारभूत आवश्यकताअन्तर्गत् पर्ने खानेपानी सेवालाई प्रभावकारी बनाइने उनको प्रतिबद्धता थियो ।

योजना तर्जुमाकै अवस्थादेखि अधुरा आयोजनालाई प्राथमिकता दिनूपर्ने बताउँदै पालुङको उक्त आयोजनालाई बजेट विनियोजन नभएकोप्रति उनले ध्यानाकर्षण भएको सुनाए । 'केही बजेट मन्त्रालयमा छ, यस किसिमको अधुरो योजनालाई सम्पन्न गर्नुपर्छ', उनले भने । प्रदेश सरकारले बजेट विनियोजन गर्दा नै अधुरा योजना प्राथमिकतामा पर्नुपर्ने मन्त्री खड्काको भनाइ थियो । 'जनताको घरघरमा पानी पुर्याउन कति बजेट लाग्छ, व्यवस्थापन गर्छौं', चिन्ता नलिनूहोस्', उनले थपे । मन्त्री खड्काले डिभिजन प्रमुखसहित बसेर योजना ढिलाइ हुनुका अन्य कारण भए त्यसलाईसमेत पत्ता लगाई सम्पन्न गर्न तत्काल प्रक्रिया अघि बढाउने आश्वासनसमेत दिए ।

बाँकी पृष्ठ-४...




## मितेरीको सहकारी शिक्षा शिविर

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ इन्द्रसरोवर गाउँपालिकामा मितेरी बचत तथा ऋण सहकारी संस्थाले शेयर सदस्य लक्षित सहकारी शिक्षा शिविर सञ्चालन गरेको छ ।

शुक्रबार संस्थाका सचिव हिरालाल बलामीको अध्यक्षतामा सहकारी शिक्षा शिविर कार्यक्रम आयोजना गरिएको हो । ३० जना सदस्यहरुलाई सहकारीका वस्तु तथा सेवा, बचत र ऋण, अतिरिक्त कार्यालय सञ्चालन, अतिरिक्त सेवा सञ्चालन, सदस्य सुरक्षा तथा हेरचाह, सामाजिक उत्तरदायित्वको विषयमा शिविर सञ्चालन गरिएको संस्थाका सूचना अधिकारी उमेश बस्नेतले बताए ।

यसै गरी, शिविरमा समुदायप्रति चासो, सहकारीको विशेषता, सदस्यहरुको कर्तव्य र वार्षिक योजना तथा बजेटबारे जानकारीसमेत दिइएको बस्नेतले बताए । शिविरलाई संस्थाका व्यवस्थापक सरोज थापामगर र ऋण सहायक उमेश बस्नेतले सहजीकरण गरेका थिए । ५ नम्बर वडास्थित चखेलमा रहेको सहकारीले वार्षिक कार्यक्रमअन्तर्गत् सदस्यहरुलाई परिवर्तित सहकारी ऐन, नियम र नीतिबारे जानकारी गराइरहेको छ ।

**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# अझै डाक्टर बन्न सक्नेछैन च्याट जिपिटी, लक्षण पहिचानमा कमजोर



आर्टिफिसियल इन्टेलिजेन्स च्याटबट प्लाटफर्म च्याट जिपिटी संसारभर लोकप्रिय छ, किनकि यसले आम मानिसका लागि विभिन्न कामहरु गर्न सहयोग गर्दछ, जस्तै एप्लिकेसन तयार पार्न र स्कुलको होमवर्क गर्न ।

तर के च्याट जिपिटी डाक्टर पनि बन्न सक्छ त ? यस विषयमा PLOS ONE ले हालै एक शोध रिपोर्ट प्रकाशित गरेको छ । अध्ययनमा एकजना डाक्टरको रुपमा च्याट जिपिटी कत्तिको सटीक तथा प्रभावकारी छ भन्ने बताइएको छ ।

रिपोर्ट अनुसार एक भाषा मोडेलका रुपमा त च्याट जिपिटी चर्चित छ तर चिकित्सा सम्बन्धी प्रश्नहरुको जवाफका लागि यसलाई निकै सकस पर्दो रहेछ । च्याट जिपिटीमाथि गरिएको यस अध्ययनको उद्देश्य ओपन एआईको यो प्लाटफर्मको क्षमता जाँच गर्नु हो ।

यो अध्ययनमा शोधकर्ताहरुले कुनै जटिल चिकित्सकीय परिस्थितिहरुमा च्याट जिपिटीले कस्तो काम गर्न सक्छ भन्ने कुराको विश्लेषण गरियो ।

शोधकर्ताहरुले यसका लागि Medscape Clinical Challange को प्रयोग गरे, जसले बिरामीको अवस्थाको वस्तुस्थिति पेश गर्यो ।

त्यस क्रममा स्वास्थ्यसम्बन्धी अनेक खालका समस्याहरु देखाइयो । शोधकर्ताहरु यस्तोमा च्याट जिपिटीले रोगको सजिलैसँग पहिचान गर्न तथा उपचारको सही सल्ला दिन सक्छ वा सक्दैन भन्ने कुरा जान्न चाहेका थिए ।

शोधकर्ताहरुले च्याट जिपिटीमाथि डेढ सय चिकित्सा चुनौतीहरूका आधारमा परीक्षण गरे । हरेक केसमा बिरामीको इतिहास, उपचार तथा परीक्षणको जानकारी थियो र शोधकर्ताहरुले च्याट जिपिटीबाट प्राप्त नतिजाको तुलना आफुहरुको उक्त चिकित्सा रिपोर्टसँग गरे ।

त्यस क्रममा च्याट जिपिटील केवल ४९ प्रतिशत समस्याहरुको हकमा मात्रै सही जवाफ दिएको पाइयो । जब ती जवाफको तुलना मेडस्केप मार्फत् गरियो, तब च्याट जिपिटीले करीब ६१ प्रतिशत जवाफ समयमै दियो ।

समग्रमा च्याट जिपिटीले करिब ७४ प्रतिशत सटिकता हासिल गरेको र ४९ प्रतिशत प्रष्ट जवाफ दिएको पाइएको छ ।

यसले गलत जवाफलाई त छुट्यायो, तर उपचारका क्रममा च्याट जिपिटीमाथि विश्वास भने कमै गर्न सकिने निष्कर्ष शोधकर्ताहरुले निकालेका छन् ।

**यौन स्वास्थ्य**

# के पुरुषका कारण महिलामा यौनजन्य समस्या आउन सक्छ ?



यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी समस्या लिएर अस्पताल आउनेमा महिलाको संख्या अधिक हुन्छ । महिलाहरुमा यौनाङ्ग चिलाउने, संक्रमण हुने, सुन्निनेदेखि प्रजननका अरु समस्या देखिन्छन् । महिलाले झेल्ने यस्ता समस्याहरुमा स्वयं उनीहरुको मात्र त्रुटि हुँदैन । पुरुषको कारण पनि उनीहरु विभिन्न समस्या झेल्न बाध्य हुन्छन् ।

खासगरी पुरुषसँग हुने असुरक्षित यौन सम्बन्धले कतिपय संक्रमण हुनसक्छ । यौन सम्बन्धपछि कतिपयको अनिच्छित गर्भ रहन पुग्छ । गर्भ हुर्काउन परेमा वा गर्भपतन गर्न परेमा पनि महिलालाई सहज हुँदैन । गर्भपतनपछि कतिपय अवस्थामा उनीहरुको पाठेघरमा समस्या हुने जोखिम पनि हुन्छ ।

त्यसबाहेक पुरुषकै कारण महिलामा एचआईभी सर्ने गरेको पाइन्छ । खाँदै नखाएको विष पनि लाग्छ भने झैं आफूले गल्ती नगरी पनि कति महिला यसको भागीदार हुन बाध्य छन् ।

त्यसो त यौन सम्बन्धपछि यौनाङ्गको राम्ररी सरसफाइ नगर्ने जस्ता कारणले पनि समस्या निम्त्याउने गर्छ । हामीकहाँ महिलाहरु गोनोरिया, सिफिलिस्, फंगल संक्रमणले सताएपछि अस्पताल आउने गर्छन् ।

महिलाहरुलाई बढी सताउने यौन तथा प्रजनन् समस्या विभिन्न संक्रमणले गर्दा हुने हो । यस्तो संक्रमण धेरै किसिमको छ । पुरुषको तुलनामा महिलालाई यौनजन्य संक्रमणले बढी नै सताइरहेको हुन्छ ।

**मारमा महिला**

प्रजनन् एउटा जटिल प्रक्रिया हो । यसमा महिला र पुरुष दुवैको आवश्यकता हुन्छ । तर भूमिका महिलाको बढी रहन्छ । बच्चा उत्पादनमा पुरुषले शुक्रकीट उत्पादन गर्ने र महिलाको यौनाङ्ग (योनी)मा पुऱ्याउने मात्रै हो ।

तर महिलाले अण्डा उत्पादन मात्रै गर्दैनन्, पुरुषको शुक्रकीट लिएर पूरै भ्रुणको विकास गर्ने, बच्चालाई जन्म दिने र स्तनपान समेत गराउने हुन्छ । महिलाको भूमिका धेरै भएकाले प्रजनन अंगको संख्या र सक्रियता दुवै बढी भएकाले जोखिम पनि बढी छ ।

**सुरक्षित सम्बन्ध**

यौन सम्पर्कको बेला सम्भावित त्रुटिबारे छलफल गर्नुपर्छ । गर्भको योजना छैन भने यौन सम्पर्क राख्दा सजगता अपनाउनुपर्छ । विना साधन 'ओभर कन्फिडेन्स' हुनुहुँदैन । त्यस्तै यौनरोगबाट बच्न कण्डमको प्रयोग गर्नुपर्छ ।

**जरूरी छ सजगता**

नेपालमा दुवैथरीका महिला छन् । पहिलो यौन समस्याबारे अज्ञानता नभएकाले सजग नभएका र अर्को सबै जानेको र बुझेर पनि सजग नभएको । तर सजग नभए पनि यौन समस्या देखा परेपछि चिकित्सककहाँ परीक्षणका लागि आउने क्रम चाहिं बढेको छ । अहिले यौन समस्या देखापरे स्वास्थ्य उपचार खोजी गर्ने भएका छन् ।

**सुरक्षित सहवास**

पहिले गाँस, बास र कपास मात्रैलाई आवश्यकता ठानिन्थ्यो । अहिले गाँस, बास र कपाससँगै सहवासलाई पनि मानवीय आवश्यकताका रुपमा समाजले लिएको छ । तर सहवास सुरक्षित हुनुपर्छ, नत्र यसैको कारण स्वास्थ्य समस्या निम्त्याउने हुन्छ भन्ने सबैले बुझ्नुपर्छ ।

# साहित्य

कविता

## मेरो देश नेपालको हालत



✍मनस्वी चापागाई

*कक्षा : ९, हेटौंडा एकेडेमी*

वन पाखा खोलानाला हिमालले घेरेको
मोतिझैं झरना छ प्रकृतिले बेरेको ।
सुमधुर गुञ्जन छ चरिहरुको वनमा
सधै सुख शान्ति रहन्छ नेपालीको मनमा ।।

प्राकृतिक स्रोतको उचित प्रयोग गरेर
कमाऔं धन नेपालमै सीप दान गरेर ।
नजाऔं विदेश अरुको देश पसिनाले भिजाउन
गाह्रै हुन्छ गरि काम अरुलाई रिजाउन।।

उर्जा खनीज सबै भाको कतिधनी यो देश
श्रम शक्ति सीप जति गयो परदेश ।
विडम्बना यता रह्यो सरकारको ध्यान छैन्
पढ्न भनी जान्छन् सबै फर्किने त कोही होइन् ।।

बाबाआमा धेरै खुसी भिजिट भिसा पाँए भनि
बाहिर बाहिर हाँस्दै हिड्छन् रून्छन् ढोका थुनी ।
बल छउन्जेल यस्तै हो भन्दै हिड्ने आमा पनि
थलापर्दा रुन थालिन् छोरा आएस् भनी ।।

घरमा रहे बृद्धबृद्धा बाबाआमा मात्रै
वृद्ध वय बेसाहारा आशा अलपत्रै ।
गरिबीले पिल्सिएर देश छोड्नु पऱ्यो
घर आउन पाइनँ बुवा काम त गर्नै पऱ्यो ।

आज आज भोलि भन्दै आमा अस्ताउँछिन्
छोरा छोरी भन्दाभन्दै अन्तिम सास फेर्छिन् ।
मान्छे लगाई काजक्रिया गर्नुहोस् मेरो वावा
कमी नहोस् कतिपनि दान दक्षिणामा ।।

यस्तै पीडा भोगी राछ आज मेरो देश
दु:ख गरि साग सिस्नु खाको बरु वेश ।
पसिनाका थोपाथोपा यहि देशमा बगाऊ
देश छोड्नु राम्रो होइन जनचेतना जगाऊ ।।

## नागपञ्चमी



✍आरोग्य खरेल

*कक्षा-५, नवोदय शिशु सदन*

नागपञ्चमी पनि हिन्दू धर्मावलम्बीहरूको विशेष पर्व हो । शुक्लपक्षको पञ्चमी तिथिमा मनाइन्छ । मानिसहरुले आफ्नो घरको ढोकाको माथि टासिन्छ । ढोकामाथि नागको फोटो टाँसेर राख्दा घरमा अप्ठ्यारो दुख पर्दैन भन्ने मान्यता छ ।

यो दिन नागदेवता या सर्पको पूजा गरिन्छ । त्यसका साथै सर्पलाई दूधले नुहाइदिने पनि गरिन्छ । नागपञ्चमी असार/साउन महिनामा मानिने गरिन्छ कि यो दिन भगवान श्रीकृष्णको द्वारा कालिया नागलाई कृष्ण भगवानले हराउनु भएको थियो । त्यही भएर नागपञ्चमी मनायन्छ । यस दिन हिन्दू जातजातिले आफ्नो मूल ढोका माथि नागको फोटो राखेर पूजा गर्ने गर्छन् । नागपञ्चमी एउटा पूरानो र धार्मिक कार्य चाडपर्व हो हिन्दूहरुको । यसमा नागलाई दूध चढाइ पूजा गरिन्छ यो हाम्रो परम्पार हो । यसलाई हामीले संरक्षण गर्नुपर्छ ।

नेपालमा विशेष गरी गरुड र ठूलो सर्पबीचको लडाइँका लागि यो पर्व मनाइन्छ । काठमाडौंको चाँगुनारायण मन्दिरमा गरुडको मूर्ति रहेको छ जसलाई गरुड आफैंले स्थापना गरेको मानिन्छ र नाग पञ्चमीका दिन विशाल सर्पसँगको आफ्नो महान् युद्धको सम्झना गर्दै पसिना बगाउने गरिन्छ । पसिना सङ्कलन गरेर कुष्ठरोग निको पार्ने विश्वास रहेको छ ।

आप्रवासी नेपाली समुदायले पनि नेपालबाहिर आफ्नो बस्तीका विभिन्न देशमा यो संस्कार पुऱ्याएका छन् ।

## हिमाली



✍सुयङ्का बिष्ट

*कक्षा : ८, नवोदय शिशु सदन*

हिमाली देश नेपाल आहा प्रकृतिको रुप
सुन्दर दृश्य मोहक हिउ देखियो है खुब

देशको सान भनेर चिन्ने हिमाल भन्दछन्
सबैले राम्रो हिमाल हाम्रो भनेर चिन्दछन्

प्रकृति सम्पन्न नेपाल हाम्रो हिउ र खोलाले
आकर्षित गाउँ सुन्दर ठाउँ बनायो मानिसले

संसारकै अग्लो हिमाल हाम्रो प्रकृतिले भरेको
हिउ र खोला ठाउँ र दृश्य सबैले छरेको

हिमाली भेग मानिसले स्वर्ग भनेर चिन्दछन
एकदमै राम्रो हिमाल हाम्रो भनेर सोच्दछन

देखिन्छ नयाँ जनावर राम्रो हिमाली भेगमा
एकदमै गरौं मानिसलाई हुन्छ संघर्ष झेल्नमा

कविता

## नागनागिन



✍अक्षित प्रताप राणा

*कक्षा-५, नवोदय शिशु सदन*

नाग पञ्चमीको दिन
सबै भेला हुन्छन्
नागको पूजा गर्छन्,
सम्मान जनाउँछन्
मन्दिरमा जाऔं, पूजा गरौं
दुध र मिठाइले
नागलाई पूजौं

शिव भगवानको
कथा पुरानो
नागको रक्षाले
बनेको नाम सुनौं
लावा, हल्दी र फूलले
पूजा थाली सजाऔं
नागपञ्चमी परम्परा
अनुसार मनाऔं

प्रकृति र जीवनलाई
पूजा गरौं
हरेक प्राणीलाई
सम्मान दिन सिकौं
नागपञ्चमीले हामीलाई सम्झाइरहन्छ
प्राकृतिकको संरक्षणमा
जीवनको सुन्दरता भेटिन्छ

कविता

## आकाश



✍अक्किषत सिंह राजपुत

*कक्षा-१०, हेटौँडा एकेडेमी*

सुनसान रातमा तारा झुल्किन्छन्
मनको गाँउमा आशा उम्लिन्छन्
पर्खालको छायाँमा सपनाहरु सर्लक्क
जीवनको यात्रामा, साथ कसैको पर्ख ।


अल्झिएका तारा मनका धरोहर
झलझली हाँसो, बालकका स्वर
आकाशको छातीमा रङ्गीचङ्गी सपना
गाँउको बाटोमा हाँसीखुसी जमाना ।।

पाइलाहरु नाच्छन हर्षको गीतमा
नदीको किनारमा प्रेमको बिचमा
संसारको मेला अनेकौं रङ्गहरु
जीवनको कथा अद्भुत तरङ्गहरु ।

धर्तीको काखमा शीतलता पाँउछु
प्रकृतिको साथमा आनन्द मनाउँछु
चन्द्रमा मुस्कान रातको चमक
ताराहरुको बस्ती फदयको धडक ।

रातको नीर्खता तारा सजाँउछ
जीवनको हर्ष मनमा बजाँउछ
जीवनको अर्थ हरेक पाइला
सपनाको महल हामी बनाउँला ।।

चित्रकला






माइरा गुरुङ
कक्षा-१, नबोदय शिशु सदन





स्वरा प्याकुरेल
कक्षा-१, नबोदय शिशु सदन






दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# कम जन्मिदैछन् छोरीहरू, लैङ्गिक अनुपात चीनकै समान

काठमाडौं/नेपालमा पछिल्लो लैङ्गिक अनुपात खतराउन्मुख देखिएको छ । यसले भोलिका दिनमा लैङ्गिक अनुपात बिग्रने र विवाहका लागि जोडी नपाउनेदेखि प्राकृतिक नियम नै प्रभावित हुनसक्ने जानकारहरु बताउँछन् ।

राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रबार राष्ट्रिय जनगणनाको बालबालिका सम्बन्धी तथ्यांक सार्वजनिक गरेको छ । जसअनुसार हाल देशभर ९८ लाख ६९ हजार ५८३ जना बालबालिका (० देखि १७ वर्षसम्म) छन् । तर बालकको तुलनामा बालिकाको संख्या थोरै छ ।




त्यसमा पनि जनगणना भएको एक वर्षको अवधिमा लैङ्गिक अनुपात: ११२ रहेको छ । अर्थात: हरेक १०० बालिकाको जन्म हुँदा ११२ जना बालक जन्मिएका छन् ।

'विश्वभर मृत्युदर महिलाको तुलनामा पुरुषको धेरै हुन्छ, त्यसकारण लैङ्गिक अनुपात १०५ सम्म सही मानिन्छ,' कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी डा. हेमराज रेग्मी भन्छन्, 'नयाँ जन्ममा ११२ को लैङ्गिक अनुपात खतराउन्मुख अवस्था हो ।'

जन्मजात नै बालक जन्मिरहेको भए त्यसलाई सामान्य लिन सकिन्छ, तर जानाजान छोरी नजन्माउने प्रवृत्ति बढेको भए त्यो डरलाग्दो अवस्था हुने उनको चेतावनी छ । यसले भविश्यमा लैङ्गिक अनुपात बिग्रने र विवाहका लागि जोडी नपाउनेदेखि प्राकृतिक नियम नै प्रभावित हुने खतरा बढ्ने उनी बताउँछन् ।

समग्र जनसंख्यामा भने पुरुषको तुलनामा महिला धेरै छ । २०७८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६९ हजार ५८३ छ । यसमा पुरुषको तुलनामा महिलाको जनसंख्या ६.५ लाख धेरै छ ।

तर बालबालिकाको मात्र प्रवृत्ति अध्ययन गर्दा बालिकाको तुलनामा बालक धेरै छन् । त्यसमा पनि एक वर्ष अवधि भित्रको जन्मले लैङ्गिक असन्तुलनतर्फ संकेत गरेको डा. रेग्मीले जानकारी दिए ।

प्रदेशगत रुपमा हेर्दा नयाँ जन्ममा सबैभन्दा डरलाग्दो अवस्था मधेश प्रदेशमा देखिन्छ । यस प्रदेशमा हरेक १०० बालिका जन्मिँदा १८ जना बालक जन्मिएका छन् । अर्थात: यहाँ १०० बालिका जन्मिँदा ११८ बालक जन्मिएका छन् ।

कार्यालयका अनुसार सुदूरपश्चिम प्रदेशमा ११६ छ । बागमती र गण्डकीमा यो अनुपात १११ छ । कर्णालीमा १०९ देखिन्छ । सबैभन्दा कम कोशी प्रदेशमा १०६ रहेको छ । विश्वका विभिन्न मुलुकको प्रवृत्ति हेर्दा चीन र नेपालमा लैङ्गिक अनुपात समान ११२ देखिन्छ । भारतमा १०८, थाइल्याण्ड र दक्षिण कोरियामा १०६, जापान र बंगलादेशमा समान १०५ देखिएको छ ।

शून्यदेखि १७ वर्षसम्मको उमेर समूहमा लैङ्गिक अनुपात हेर्दा १०७.६ रहेको छ । अर्थात: यो उमेर समूहमा प्रति १०० बालिका हुँदा बालकको संख्या १०७.६ रहेको छ । समग्र जनसंख्यामा लैङ्गिक अनुसमिन ९५.६ छ । त्यसैले समग्र जनसंख्याको तुलनामा पछिल्लो प्रवृत्ति बढी खतराउन्मुख मानिएको छ ।

**जन्मदर नै घट्नु अर्को चिन्ता**

एकातर्फ बालक र बालिकाको संख्याको अन्तर बढ्दो छ भने अर्कोतर्फ जन्मदर नै ऋणात्मक लागेको छ । २०६८ को जनगणना अनुसार शून्यदेखि १७ वर्षसम्मका बालबालिकाको संख्या १ करोड १० लाख हाराहारी थियो । अहिले यो उमेर समूहका बालबालिकाको संख्या ९८ लाख ६९ हजारमा झरेको छ । यसले पछिल्लो १० वर्षमा बालबालिकाको जन्मदर खुम्चिन पुगेको देखिएको छ । अघिल्लो दशकसँग तुलना गर्दा बालबालिकाको जनसंख्या वृद्धिदर -१.१ प्रतिशतले खुम्चिन पुगेको छ ।

यो अर्को समस्याका रुपमा रहेको डा. रेग्मी बताउँछन् । यसरी घटेको संख्यामा पनि बालकको तुलनामा बालिकाको संख्या ४ प्रतिशत विन्दुले घटेको छ । देशभर रहेको बालबालिकाको जनसंख्या ९८ लाख ६९ हजार ५८३ जना कुल जनसंख्याको ३३.८ प्रतिशत हिस्सा हो । कार्यालयका अनुसार देशभर रहेको बालबालिको संख्यामध्ये बालक ५१.८ प्रतिशत र बालिका ४८.२ प्रतिशत रहेका देखिन्छ । कुल जनसंख्यामा भने पुरुषको तुलनामा महिलाको जनसंख्या ६.५ लाखले धेरै देखिएको छ । बालबालिकाको मात्र हिसाव गर्दा बालक भन्दा बालिका ३.६ लाख कम छन् । बालबालिकामध्ये १० देखि १४ वर्षसम्मका बालबालिकाको संख्या अधिक देखिएको छ । यस वर्गमा कुल बालबालिकाको २९.५ प्रतिशत हिस्सा देखिन्छ । त्यसपछि क्रमश: ५ देखि ९, ४ वर्ष भन्दा कम र १५ देखि १७ वर्षसम्मका बालबालिका देखिएका छन् ।

**एकल परिवार बढे**

नेपालका ७१.३ प्रतिशत परिवारमा कम्तिमा एक जना १८ वर्ष मुनीका बालबालिका रहेको देखिएको छ ।

देशभर ६६ लाख ६६ हजार ९३७ परिवार छन्, जसको ७१.३ प्रतिशत परिवारमा बालबालिका छन् । सबभन्दा धेरै तराईका ७६.१ प्रतिशत परिवारमा बालबालिका भने सबैभन्दा कम पहाडका परिवारमा रहेको कार्यालयको तथ्यांकले देखाएको छ ।

अर्धशहरी (७६.४ प्रतिशत) र ग्रामीण (७०.५ प्रतिशत) क्षेत्रको तुलनामा शहरी क्षेत्रमा सबैभन्दा कम (६५ प्रतिशत) परिवारमा बालबालिका रहेको देखिन्छ । बागमती र गण्डकी प्रदेशका परिवारमा अन्य प्रदेशको तुलनामा कम देखिन्छ । तथ्यांक अनुसार एकल परिवारमा ५४.१ प्रतिशत र संयुक्त परिवारमा ४५.९ प्रतिशत परिवारमा कम्तिमा एक जना बालबालिका रहेको देखिन्छ । यसले नेपालमा परिवारको संरचना एकल परिवारतर्फ उन्मुख भएको देखिएको छ ।

**साढे ३१ हजार बालबालिका घरमुली**

देशभर साढे ३१ हजार बालबालिका घरमुलीको भूमिकामा रहेको पाइएको छ । तथ्यांक अनुसार अहिले नेपालमा ३१ हजार ५१२ जना बालबालिका घरमूलीको भूमिकामा देखिएका छन् । यो कुल बालबालिकाको संख्याको ०.४७ प्रतिशत हो । परिवारमूली बालबालिका मध्ये ५३ प्रतिशत बालक र ४७ प्रतिशत बालिका रहेको देखिन्छ । प्रदेशबीच तुलना गर्दा बालिका परिवारमूली हुने परिवार सबैभन्दा कम मधेश र सबैभन्दा धेरै बागमतीमा रहेको छ ।

**बालविवाहको प्रवृत्ति कस्तो ?**

तथ्यांक अनुसार अहिले १० देखि १७ वर्ष उमेर समूह भित्रका १.६ प्रतिशतको विवाह भइसकेको छ । समग्र देशैभर हेर्दा भने बालविवाह भएको जनसंख्या १४.१ प्रतिशत छ । जसमा महिलाको बाहुल्य छ । यो सूचक १८ वर्ष उमेर नपुग्दै विवाह गरेका जनसंख्याका आधारमा निकाल्ने गरिन्छ ।

देशभर रहेका बालबालिका मध्ये ९४.१ प्रतिशत बालबालिका साक्षर रहेका छन् । साक्षरमध्ये ४६.१ प्रतिशतले प्राथमिक तह पार गरेका छन् । अझै पनि ५.४ प्रतिशत बालबालिका कहिल्यै विद्यालय गएका छैनन् । बीचमै विद्यालय छाडेका बालबालिका ५.३ प्रतिशत छन् । यो प्रवृत्ति मधेश प्रदेशमा सबैभन्दा धेरै छ ।

१० देखि १७ वर्षका बालबालिकामध्ये ३० प्रतिशत कुनै न कुनै आर्थिक काममा संलग्न रहेको देखिएको छ । पहाडमा यो दर सबैभन्दा धेरै ३३ प्रतिशत छ ।

नेपालमा ०.०३ प्रतिशत बालबालिका घरेलु कामदारको हैसियतमा काम गरिरहेको देखिएको छ । कुल बालबालिकामध्ये ७८ प्रतिशत आमा बुबा दुबै सँग बस्ने गर्छन् । बालबालिकामध्ये १.२ प्रतिशतमा अपांगता रहेको छ । देशभर १५ हजार १२५ जना किशोरी आमा रहेको समेत देखिएको कार्यालयले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'रावायण'को दोस्रो पोस्टरमा पल शाह र पूजा शर्मा नयाँ अवतारमा



काठमाडौं/नेपाली फिल्म 'रावायण'को दोस्रो पोस्टर सार्वजनिक भएको छ । आगामी भदौ २१ गतेदेखि प्रदर्शनमा आउन लागेको यस फिल्ममा नायक पल शाह र नायिका पूजा शर्मा प्रमुख भूमिकामा देखिएका छन् । पोस्टरमा पल शाहलाई गम्भीर भावमा प्रस्तुत गरिएको छ, भने पूजा शर्मा आक्रोशित मुद्रामा देखिएकी छन्, जसले फिल्मको कथावस्तुलाई संकेत गर्दछ ।

पोस्टरको पृष्ठभूमिमा 'एसिड आक्रमण गर्ने अपराधीलाई कारबाही गर' भन्ने ब्यानरसहित प्रहरी कार्यालय अगाडि प्रदर्शन गरिरहेको एक समूहलाई देखाइएको छ, जसले फिल्मको केन्द्रमा एसिड आक्रमणविरुद्धको सैर्षलाई राखेको प्रस्ट हुन्छ । यसअघि, पल शाहको सोलो फस्टलुक पोस्टरले पनि राम्रै चर्चा पाएको थियो ।

फिल्मको निर्देशन सुदर्शन थापाले गरेका छन्, र निर्माणमा पूजा शर्मा र सुदर्शन थापा प्रोडक्शनको संयुक्त सहकार्य रहेको छ । फिल्ममा पल शाह र पूजा शर्मासहित प्रियंका कार्की, प्रमोद अग्रहरी, निकीता चण्डक, अर्जुनजंग शाही, प्रकाश शाह, शर्मिला मल्ल र प्रदीप ढकालजस्ता कलाकारहरूको पनि अभिनय रहेको छ ।

फिल्मको एक्सनपूर्ण टिजर सार्वजनिक भइसकेको छ, जसमा पल शाहको दमदार एक्सनले दर्शकहरूको मन जितेको छ । कथा सुदर्शन थापाले लेखेका छन् भने पटकथा शिवम अधिकारीले तयार पारेका हुन् । सौरभ लामाले छायांकन गरेको यो फिल्मको सम्पादन मिलन श्रेष्ठले गरेका छन् ।

# 'ह्रस्व दीर्घ'को पहिलो गीत सार्वजनिक

काठमाडौं/संविधान दिवसको अवसर पारेर असोज ३ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'ह्रस्व दीर्घ'को पहिलो गीत सार्वजनिक गरिएको छ । नाग पञ्चमीको अवसरमा सार्वजनिक भएको 'उठेर नाचिस्यो, बसेर नाचिस्यो' बोलको गीतमा नायिका निता ढुंगाना र नायक हरिहर अधिकारी फिचर्ड छन् । गीतले दर्शकहरूलाई उत्साहित बनाएको छ ।



दुर्गेश थापाले यस गीतको संगीत, शब्द, र एरेन्ज गरेका छन् । सदिच्छा कट्टेलको यो डेब्यु फिल्ममा उनले दुर्गेशलाई गायनमा साथ दिएकी छन् । गीतको अडियो र भिडियो दुवै पक्षको निकै प्रशंसा भएको छ, विशेषगरी सुष्मा सुनामको कोरियोग्राफीले यसलाई थप आकर्षक बनाएको छ ।

'ह्रस्व दीर्घ' निता फिल्मस्को ब्यानरमा निर्माण गरिएको छ, र कार्यकारी निर्माता धनन्जय गलानी हुन् । फिल्ममा निता ढुंगाना र हरिहर अधिकारीसँगै ब्रह्मानन्दम, अली, कबिर दुहान सिंह, प्रदीप रावत, प्रशान्त ताम्राकार, सञ्चिता लुइँटेल, विपना थापा, सरोज खनाल, नरेन खड्का, गरिमा शर्मा, रवीन्द्र झा, आदर्श मिश्र, बुद्धि तामाङ, किरण केसी लगायतका कलाकारहरूको अभिनय रहेको छ ।

फिल्मको कथा हरिहर अधिकारीले लेखेका हुन्, भने पटकथा र संवाद हरिहर, प्रतीक पौडेल, र निर्देशक चन्द्र पन्तले मिलेर तयार पारेका छन् । बलिउडका चर्चित सिनेमाटोग्राफर कबिरलालले फिल्मको छायांकन गरेका छन् । चन्द्र पन्तको यो नेपाली फिल्म निर्देशनमा पहिलो प्रयास हो, यद्यपि उनले यसअघि केही भोजपुरी फिल्महरू निर्देशन र करिब पाँच दर्जनभन्दा बढी नेपाली फिल्ममा द्वन्द्व निर्देशकको रूपमा काम गरिसकेका छन् ।

निता ढुंगानाको लगानीमा बनेको यो फिल्म नेपाली, तेलुगु, र हिन्दी गरी तीन भाषामा रिलिज हुने तयारीमा छ ।

# खेतीको मुख्य सिजनमै कर्मचारी आन्दोलनमा

काठमाडौं/अहिले स्याङ्जा, बागलुङ, अर्घाखाँची लगायत सुन्तला जोन र सुपर जोन क्षेत्रका किसानहरूले प्राविधिक सहयोग मागिरहेका छन् । कृषि मन्त्रालयका अनुसार यो सुन्तलाको बिरुवा रोप्ने मुख्य सिजन हो । सुन्तलाको नर्सरी हुने क्षेत्र, जोन, सुपरजोन क्षेत्रहरूमा कर्मचारीहरूले प्राविधिक सहयोग गर्नुपर्ने बेला हो ।

यतिबेला किसानहरूको सहयोगको लागि कृषि प्राविधिक कर्मचारीहरू फिल्डमा जानुपर्ने थियो । यस्तै धुलिखेल, भक्तपुर लगायत आलुखेती हुने क्षेत्रहरूका किसानको लागि सरकारले दिनुपर्ने अनुदान सम्बन्धी कागजी काम गर्ने बेला पनि यही हो ।

समयमा नै अनुदान सम्बन्धी काम नभए किसानहरूलाई समस्या हुने निश्चित छ । अहिले आलुको बिउमा अनुदान लगायतको सहयोग भएन भने असोजमा आलु रोप्न मुस्किल हुने आन्दोलनरत कर्मचारीहरू नै स्वीकार गर्छन् । धानको त मुख्य सिजन नै भए पनि कृषि क्षेत्रका कर्मचारी नहुँदा अनुदानको अनुगमन, बिउ, बालीको निरीक्षणको काम रोकिएको छ ।

**हजार कृषि कर्मचारी आन्दोलित**

१६ असारदेखि संघीय सरकार मातहतमा रहेको कृषि सेवा क्षेत्रका अधिकृतदेखि तलका कर्मचारी आन्दोलनमा हुँदा कृषिको मुख्य सिजनमै सेवा अवरुद्ध भएको छ । करिब १ हजार कृषि सेवा क्षेत्रका कर्मचारी आन्दोलनमा छन् ।

'अनुदान वितरण र कृषकको छनोटको लागि सूचना निकालेर धमाधम काम गर्ने बेला भयो तर हामीले काम रोक्दा, उपसचिव, सहसचिवहरूले पनि काम गरेका छैनन् । अहिले लगभग कृषि मन्त्रालयको ५० प्रतिशत काम ठप्प छ,' आन्दोलनरत एक कर्मचारी भन्छन् । ती कर्मचारीका अनुसार मन्त्रालयकै उच्च तहका कर्मचारीहरूलाई पनि प्राविधिक कर्मचारीको आन्दोलनले हाइसञ्चो छ । 'हाकिम साबहरू पनि कर्मचारीको आन्दोलन छ भनेर बसेका छन् । हामीले टिप्पणी र फाइल नउठाउने भएपछि काम गर्ने कुरा पनि भएन । हाम्रो आन्दोलनलाई केही हाकिमहरूले हाइसन्चोको रुपमा पनि लिएका छन्,' मन्त्रालयमा कार्यरत एक कर्मचारीले संचारकर्मीसँग भने ।

आन्दोलनरत कर्मचारीका राष्ट्रिय संयोजक रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका अधिकृत माधव पौडेलले आन्दोलनले गर्दा कृषि क्षेत्रमा प्रत्यक्ष प्रभाव परेको बताउँछन् । 'अहिले मुख्य सिजन हो, अन्य समयमा भन्दा अहिले धेरै सक्रिय हुनुपर्ने बेलामा आन्दोलनमा होमिनु परेको छ । यसले असर त पुऱ्याउँछ नै हामीसँग पनि विकल्प नै नभएर आन्दोलनमा आउनुपरेको हो,' पौडेलले भने ।

पौडेलका अनुसार हिउँदे बालीको अनुदान लगायतको अन्य कामहरू अहिलेदेखि नै गर्न सकिएन भने पछि भ्याइँदैन । नियम अनुसार काम गर्दा २/३ महिनाको प्रक्रिया लाग्छ । यो काम अहिलेदेखि नै बिग्रिसकेको छ ।

**के हो मुख्य माग ?**

संघसरकारमा समायोजन भएर पुल दरबन्दीमा रहेका नेपाल कृषि सेवातर्फका कर्मचारी आन्दोलित भएका छन् । ६ वर्षदेखि वृद्धिविकास रोकिएको भन्दै उनीहरूले सिंहदर बमारमा कृषि मन्त्रालयभित्रै १६ असार देखि आन्दोलन थालेका थिए ।

तत्कालीन कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साह र सचिव डा. राजेन्द्रकुमार मिश्रसमक्ष चार बुँदे माग पेस गरेर सुरु भएको आन्दोलन आजसम्म नरोकिएको हो । संघमा समायोजन भएका कृषि सेवा अन्तर्गत कृषितर्फका पुल दरबन्दीमा रहेको ३२८ जना समेतको स्थायी दरबन्दी कायम गरी रिक्त पदमा नियमित पदपूर्ति हुने व्यवस्था गर्नुपर्ने उनीहरूको पहिलो माग छ । संघमा समायोजन भएका कृषि सेवा अन्तर्गत कृषितर्फका प्राविधिक कर्मचारीहरूको न्यायोचित वृद्धिविकास सुनिश्चित हुनुपर्ने अर्को माग छ ।

कृषि सेवाको कृषितर्फका समूहको हकमा सर्वोच्च अदालतबाट रिक्त रहेको पदमा पदपूर्ति गर्न भएको परमादेश कार्यान्वयन गर्न पनि माग गरिएको छ । यस्तै संविधान र कार्यविस्तृतीकरण प्रतिवेदनअनुसार संघीय निकायको कार्यविवरणको आधारमा उपयुक्त संगठनात्मक संरचना निर्माण गर्न समेत उनीहरूले माग गरेका छन् ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरणको कार्यक्रम भद्रगोल**

कर्मचारीहरूको आन्दोलनले प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम नै भद्रगोल भएको छ । 'परियोजनामा स्थायी लगभग २ सय कर्मचारी छन्, जसमध्ये सबैजसो आन्दोलनमा छन् । अहिले धानको सिजनमा किसानहरूलाई प्राविधिक सहयोग अत्यन्तै चाहिने बेला हो । विशेषगरी जोन, सुपर जोनमा तर आन्दोलनको कारणले त्यो सम्भव छैन,' पौडेल आफैं स्वीकार गर्छन् । कृषि सेवा क्षेत्रका कर्मचारीहरूको माग बेलैमा सम्बोधन भएन भने यसले पूरै कृषि क्षेत्रमै ठूलो असर पुग्छ ।

*(स्रोत: अनलाइनखबर)*

# कालोसूचीमा नयाँ रेकर्ड, एकै वर्ष २३४ ठेकेदार प्रतिबन्धमा

काठमाडौं/सरकारले एकै वर्षमा २३४ वटा ठेकेदार कम्पनीलाई कालोसूचीमा राखेको छ । गत आर्थिक वर्ष २०८०/८१मा सरकारले त्यसअघिको आर्थिक वर्ष २०७९/८० तुलनामा ७२ वटा बढी कम्पनीलाई कारबाही गर्दै कालोसूचीमा राखेको हो । सरकारले कालोसूचीका लागि निर्धारित अवधिमा नयाँ ठेक्काहरुमा भाग नै लिन नपाउने गरी यस्तो सूचीमा राख्ने गरेको छ । २०७९/८०मा पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तरगतको सार्वजनिक खरिद अनुगमन कार्यालयले नयाँ रेकर्ड कायम गर्दै १६२ वटा ठेकेदार कम्पनीहरुलाई कालोसूचीमा राखेको थियो । एकै वर्षमा यो रेकर्ड टुट्ने गरी कार्यालयले कालोसूचीमा राख्नेसम्बन्धी निर्णय गरेको हो ।

गत आर्थिक वर्षमा अहिलेसम्मकै सबैभन्दा धेरै बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीहरु कालोसूचीमा परेका हुन् ।

आर्थिक वर्ष २०६४/६५ यता नेपालमा ८४४ वटा ठेकेदारहरु कालोसूचीमा परेका छन् । ठेक्का परेपछि सम्झौता नै गर्न नआउने र सम्झौताअनुसार काम नगर्ने ठेकदारहरुलाई सम्बन्धित सार्वजनिक निकायको सिफारिसमा कालोसूचीमा राख्ने गरिन्छ । कालोसूचीमा परेको अवधिभरि कम्पनीले नयाँ ठेक्कामा भाग लिन नपाउने भएकाले यो नै कामचोर ठेकेदारका लागि दिइने सबैभन्दा ठूलो सजायका रुपमा लिइन्छ ।

पछिल्ला वर्षमा कम रकम कबोल गरेर ठेक्का हात पर्न खोज्ने र ठेक्का परेपछि अलपत्र छाडेर हिँड्ने क्रम बढेको छ । विभिन्न कारणहरुबाट कालोसूचीमा पर्नेहरुको संख्या बढ्दै गएको कार्यालयका प्रवक्ता तथा सहससचिव विष्णुप्रसाद शर्माले जानकारी दिए ।

'आयोजनाको काम समयमै नगर्ने, अलपत्र छाड्ने, ठेक्का परेपछि खरिद सम्झौता गर्न नआउने, सम्झौतामा शर्त पालना नगर्नेहरु सम्बन्धित निकायको सिफारिसमा कालोसूचीमा परेका हुन्,' उनले भने,'पछिल्लो समयमा यस्ता गतिविधि बढेकाले नै कालोसूचीमा पर्नेको संख्या बढेको हो ।'

ठेकेदारले आचरणविपरीत काम गरेमा, खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत रूपमा त्रुटि हुने गरी कार्य गरेमा, खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा, योग्यता ढाँटेर वा झुक्याएर सम्झौता गरेमा सार्वजनिक खरिद ऐनअनुसार गाम्भीर्यताको आधारमा कार्यालयले १ वर्षदेखि ३ वर्षसम्म कालोसूचीमा राख्ने गरेको छ ।

'संघ सरकार अन्तरगतकै निकायले बढीजसो कालोसूचीमा राख्न सिफारिस गरेका छन्,' प्रवक्ता शर्माले भने,'स्थानीय तहरुबाट पनि अहिले धेरै कम्पनीहरु कालोसूचीमा राख्नका लागि सिफारिस भएका छन्, कार्यालयले त्यसकै आधारमा निर्णय लिंदैछ ।' कार्यालयका अनुसार कालोसूचीमा राख्ने कार्यालयको निर्णयविरूद्ध फर्म/कम्पनीहरू अदालत समेत जाने गरेका छन् । कतिपयले अदालतबाट अन्तरिम आदेश जारी भएर विभिन्न केही फर्म र कम्पनीहरूलाई कालो सूचीमा राख्ने निर्णय यथास्थितिमा राखिएको पनि छ ।

शुक्रबार मात्रै सार्वजनिक खरिद अनुगमन कार्यालयले दुई दर्जन ठेकेदार कम्पनीहरूलाई कालोसूचीमा राखेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# आर्यन र केकीको दृश्यबाट 'के घर के डेरा २'को छायांकन सुरु

काठमाडौं/मल्टीस्टारर फिल्म 'के घर के डेरा: घर नम्बर २'को छायांकन सुरु गरिएको छ । नाग पञ्चमीको अवसर पारेर शुक्रबार ललितपुरको भैसेंपाटीस्थित कार्यविनायक मन्दिरमा मुहूर्त गरेपश्चात् गोदाबरीबाट छायांकन थालिएको हो । पहिलो दिन अभिनेता आर्यन सिग्देल र अभिनेत्री केकी अधिकारीको दृश्यको छायांकन गरिएको छ । उनीहरुको लगभग एक दशकपछि फिल्ममा सहकार्य भएको हो ।



शनिबारबाट फिल्मका तीन शीर्ष कलाकारहरु खगेन्द्र लामिछाने, निश्चल बस्नेत र उपासना सिंह ठकुरी पनि छायांकनमा जोडिनेछन् । फिल्ममा प्रकाश घिमिरे, श्रृजना नापित, संजोग र साइली, बाल-कलाकार रुविना घिमिरे आदिको पनि अभिनय रहनेछ । घरबेटी र डेरावालको कथामा केन्द्रित भएर बन्न लागेको फिल्मका निर्देशक दीपेन्द्र के. खनाल हुन् । छायाँकारमा कृष्णबहादुर थापा छन् ।

'कर्नाली ब्लुज', 'फिरफिरे' जस्ता पुस्तकका लेखक बुद्धिसागरले यो फिल्म लेखेका हुन् । पहिलो पटक उनको लेखनमा फिल्म बन्न लागेको हो । शरद श्रेष्ठ, किरण महर्जन र राजिव श्रेष्ठ निर्माता तथा युवराज कार्की कार्यकारी निर्माता रहेको फिल्मलाई यसै वर्ष रिलिज गरिँदैछ । यो फिल्म २०७९ सालमा आएको 'के घर के डेरा'को सिक्वेल हो । त्यतिबेला यो फिल्म 'सेमी हिट' भएको थियो ।

# अब जापानमा 'घरज्वाइँ', मिरुना सहभागी हुने

काठमाडौं/नेपालमा प्रदर्शनपचात् फिल्म 'घरज्वाइँ'ले विदेशको फन्को लगाउन सुरु गरि सकेको छ । अमेरिका, डेनमार्क जस्ता देशपछि अब जापानमा फिल्मलाई प्रदर्शन गरिने भएको छ । आगामी आइतबार (अगस्ट ११) जापानको राजधानी टोकियोमा फिल्मको पहिलो प्रदर्शन हुन लागेको निर्माता जनक घर्ती मगरले जानकारी दिए । जापानभरि नेपाल मगर संघ जापानले फिल्मलाई प्रदर्शन गर्नेछ ।

फिल्मको प्रदर्शनका लागि अभिनेत्री मिरुना मगर जापान जाने भएकी छन् । जापानमा मिरुनाको माग आएपछि उनलाई निमन्त्रणा गरिएको मगर संघका अध्यक्ष रामहरी खपाङ्गी मगरले बताए । अगस्ट ११ तारिखमा टोकियोपछि १४ तारिखमा नागोया र ओसाका सहरमा शो राखिएको छ । सिजुओका, फुकुओका, क्योटो, हिरोसिमा, ओकिनावा लगायतका सहरमा पनि फिल्म प्रदर्शन हुनेछ ।

मगर समुदायमा प्रचलित घरज्वाइँ संस्कृतिको कथामा आधारित भएर बनेको फिल्ममा मिरुनाको जोडी अभिनेता दयाहाङ राईसँग बाँधिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## मकवानपुरगढीमा महायज्ञ सुरु
# गाउँलाई धार्मिक क्षेत्र बनाउन पहल

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर-५ सिमलटारमा शुक्रबारबाट श्रीमद् भागवत ज्ञान महायज्ञ सुरु भएको छ । नाग पञ्चमीको दिनबाट सुरु महायज्ञलाई प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले समुद्घाटन गरेका छन् ।

प्रतिनिधिसभाको सत्ता गठबन्धनका मुख्य सचेतकसमेत रहेका बर्तौलाले सिङ्गो मकवानपुर गढीलाई पर्यटन र धार्मिक क्षेत्र बनाउन आफूले पहल गर्नुका साथै स्थानीयस्तरबाटै अभियान चलाउन उनले जोड गरे । जलेश्वर महादेवधामलाई थप विकास गर्दै यस क्षेत्रलाई धार्मिक क्षेत्रको रुपमा बिस्तार गरिने उनको भनाइ छ । आफू यसै क्षेत्रको जनप्रतिनिधि भएको नाताले पनि पर्यटनसँगै धार्मिक क्षेत्रको विकासमा सधैं तत्पर रहेको बर्तौलाले सुनएका छन् ।

उनले सडक सञ्जालका भौतिक विकासका योजनाहरु ल्याउनका साथै सामाजिक र आर्थिक विकाससँग जोडिएका विषयलाई पनि मध्यनजर गर्दै यस क्षेत्रमा विकास गर्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा सकेको सहयोग दान गर्न सबैलाई आग्रह गर्दै पञ्चमुखी शिवलिंग निर्माण र भगवान गौतम बुद्धको प्रतिमा राख्ने उद्देश्यले आयोजित महायज्ञको सफलताको कामनासमेत व्यक्त गरेका छन् ।




महायज्ञ मूल आयोजक समितिका अध्यक्ष नेत्रप्रसाद घिमिरेको सभाध्यक्षतामा भएको महायज्ञमा जलेश्वरधाम क्षेत्रबाट जल लिएर सिमलटार, कालिवन धादिङ बजार क्षेत्र परिक्रममा गरी महायज्ञ परिसरसम्म कलश यात्राको आयोजना गरिएको थियो । करिब २ सय महिला तथा पुरुषहरुले कलश यात्रामा सहभागिता जनाएको कलशयात्रा उपसमिति संयोजक बालकुमारी दुलालले बताइन् । कलश यात्रामा ब्राम्हण बाजा र राधाकृष्ण खैजेडी समूहले आफ्नो प्रस्तुति दिएका थिए ।

कार्यक्रममा युवा पण्डित कपिलदेव भट्ट, वडा नम्बर-५ का वडाध्यक्ष दिपेश दाहाल, मकवानपुर गढी गाउँपालिकाको निवर्तमान अध्यक्ष बिदुर हुमागाई, मूल समारोह समितिका उपाध्यक्ष प्रेमनिधि तिमल्सिनालगायतले महायज्ञ सफलता सहितको शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा उपवाचक पण्डित डेगनाथ ढकाल, अग्नि आचार्य गुरु प्रकाश भट्ट, १००८ भागवत संकल्पक पण्डित श्यामसुन्दर आचार्य, समाजसेवी चन्द्रप्रसाद दुलाल, ईन्द्रबहादुर बस्नेत, सिमलटार टोल विकास संस्थाका अध्यक्ष श्यामप्रसाद लामा, अस्थायी प्रहरी चौकी धादिङका प्रमुख गगेन्द्रप्रसाद कुर्मीलगायतको आतिथ्यता थियो ।

हिन्दु धर्मावलम्बी र बौद्ध धर्मावलम्बीको भगवान महादेव र गौतम बुद्धको पुजाआजा गर्ने स्थान एकै क्षेत्रमा रहोस् भन्ने उद्देश्यले महायज्ञको आयोजना गरिएको मूल आयोजक समिति अध्यक्ष घिमिरेले बताए ।

# यातायात मन्त्रालयद्वारा ट्राफिक नियमन उपकरण हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ सडक सुरक्षा र दुर्घटना न्यूनीकरणका लागि बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले ट्राफिकनियमन उपकरण हस्तान्तरण गरेको छ ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर चितवनलाई करिब १५ लाख बराबरको ट्राफिक नियमन उपकरण हस्तान्तरण गरिएको मन्त्रालयले जानकारी दिएको छ । 'डिजिटल लिडार स्पीड गन' एक थान र 'डिजिटल ब्रेथलाइजर' ३ थान हस्तान्तरण गरिएको मन्त्रालयका सूचना अधिकारी खगेन्द्र पौडेलले जानकारी दिए ।

सामग्री हस्तान्तरण गर्दै यातायात मन्त्री प्रेमभक्त महर्जनले यातायात मन्त्रालयले राजस्व संकलन गर्ने काममात्र नभएर यातायातसँग सरोकार राख्नेहरुका लागि सहयोग गर्न तत्पर रहेको बताए । उनले सर्वसाधारणका लागि सडक सुरक्षा सम्बन्धी शिक्षा दिन आवश्यक रहको हुँदा त्यस कुरामा ध्यान दिन पनि आग्रह गरे । साथै हाल भोग्नुपरेको समस्या समाधानका लागि बागमती प्रदेश सरकारबाट गर्न सकिने समस्या समाधानमा लाग्ने र आगामी दिनमा पनि यस्ता सहयोग गरिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कार्यक्रममा मन्त्रालयका सचिव बलराम निरौला, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर चितवनका एसपी खड्गबहादुर खत्री, यातायात व्यवस्था कार्यालय भरतपुरका प्रमुख पदमप्रसाद बजगाईं, यातायात व्यवस्था सेवा कार्यालय हेटौंडाका प्रमुख भक्तबहादुर भण्डारीलगायतको उपस्थिति थियो ।

यसैगरी, यातायात मन्त्री महर्जनले यातायात व्यवस्था कार्यालय तथा ट्रायल सेन्टर भरतपुरको निरीक्षण पनि गरेका छन् । निरीक्षणका क्रममा उनले यातायात कार्यालयमा आएका गुनासो र कार्यालयमा देखिएका समस्याको समाधानमा लाग्न निर्देशन दिएका छन् । यातायात व्यवस्था कार्यालयका प्रमुख बजगाईंलगायत कर्मचारीलाई नागरिकलाई दिइने सेवामा झन्झटिलो हुन नदिन निर्देशन दिए ।

# वडा अध्यक्ष खनाललाई गैरसरकारी संस्थाको सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ मनहरी गाउँपालिका-१ का वडा अध्यक्ष शिवप्रसाद खनाललाई कक्षा १२ को परीक्षा उत्तीर्ण गरेको अवसरमा गैरसरकारी संस्थाहरुले सम्मान प्रदान गरेका छन् ।

यसअघि आफ्नै गाउँपालिका कार्यालयबाट सम्मानित भएका खनाललाई शुक्रबार मनहरी गाउँपालिकामा कार्यक्षेत्र बनाएर सामाजिक क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरुले सम्मान गरेको हो । ५२ वर्षको उमेरमा कक्षा १२ उत्तीर्ण भएका वडाध्यक्ष खनाललाई संयुक्तरुपमा सम्मान गरिएको हो । खनाल हालै प्रकाशित कक्षा १२ को नतिजामा २.४१ जीपीएसहित उत्तीर्ण भएका हुन् ।

कार्यक्रममा हिमराइट्स मकवानपुरकी कार्यक्रम संयोजक कुमारी वाइवाले पढाइलाई उमेरले नछेक्ने रहेछ भन्ने कुरा वडाध्यक्षज्यूले पुष्टि गरिदिनुभएको भन्दै नयाँ युवा पुस्तालाई पनि अध्ययनको महत्व बुझेर अध्ययनलाई निरन्तरता दिन सुझाव दिइन् ।

कार्यक्रममा हिमराइट्स, माइती नेपाल, मकवानपुर महिला समूह, एस्थर बेन्जामिन्स स्मृति संस्था, शान्ति फाउण्डेशन, वुमन एक्टलगायत संस्थाका संयोजक तथा प्रतिनिधिले संयुक्तरुपमा वडाध्यक्ष खनाललाई खादा, माला दोसल्ला र सम्मानपत्र सहित सम्मान गरेका हुन् ।

# सामुदायिक वन दिवसमा १० जनालाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ मकवानपुरमा नवौं सामुदायिक वन दिवसको अवसरमा उत्कृष्ट काम गर्ने सामुदायिक वन समूहसहित १० जनालाई सम्मान प्रदान गरिएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरले शुक्रबार हेटौंडामा बिचार गोष्ठी आयोजना गरेको थियो । कार्यक्रमको अवसरमा सामुदायिक वनको विभिन्न विधामा उत्कृष्ठ कार्य गर्ने सामुदायिक वन समूहमध्ये हेटौंडा-६, स्थित रानी सामुदायिक वन, चुच्चेखोला सामुदायिक वन, हेटौंडा-८ मा रहेको चित्रेपानी सामुदायिक वन, हेटौंडा-५ मा रहेको पिप्लेपोखरा सामुदायिक वन, हेटौंडा-१९ मा रहेको चनौटा सामुदायिक वन, मकवानपुरगढी-५ मा रहेको बुङ्दल सामुदायिक वन र स्थानीय महासंघ थाहालाई सम्मान गरिएको छ ।

यसैगरी, सामुदायिक वनले गरेका क्रियाकलापलाई समुदायमा पुऱ्याउनुका साथै सचेतना अभिवृद्धिमा भूमिका खेलेको भन्दै पत्रकार सुरेश श्रेष्ठ, सञ्चारकर्मी भीमसेन पौडेल र वन डढेंलो नियन्त्रणमा सहजकर्ताको भूमिका निर्वाह गर्ने बुद्धिप्रसाद पौडेललाई पनि सम्मान प्रदान गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले सामुदायिक वनले वनको संरक्षणका साथै सामाजिक, शैक्षिक, स्वास्थ्य तथा धार्मिक क्षेत्रको विकासमा महत्वपूर्ण काम गरेको बताए । वातावरण सन्तुलन, हरियाली प्रबर्द्धनमा गरेको काम विश्वले प्रशंसा गरेको बताउँदै वन क्षेत्रको समग्र विकासमा तीन वटै तहका सरकारले सहयोग गर्नुपर्नेमा उनको जोड थियो ।

कार्यक्रममा वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरका प्रमुख रघुराम पराजुली, सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य रामहरि चौलागाई, वन विशेषज्ञ जगदिशचन्द्र बराल, फेकोफन बागमती प्रदेश कोषाध्यक्ष नानी माया रुम्बा, नेपाल हस्तकला संघ बागमती प्रदेशका उपाध्यक्ष कमला सुवेदी, फेकोफन मकवानपरका कोषाध्यक्ष बलराम अधिकारीलगायतको आतिथ्यता थियो ।

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! सूचना !**

नेपाल सरकार र मातहतका निकायमा व्यवसाय दर्ता गरी यस हेटौंडा उपमहानगरपालिकामा दर्ता नगरी संचालन भै रहेको तथा हेटौंडा उपमहानगरपालिकाका दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएको उद्योग तथा व्यवसायीहरूलाई यस उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ बमोजिम निम्नानुसार छुटको व्यवस्था भएकोले आर्थिक ऐन २०८१ ले दिएको छुट सुविधा लिनुहुन सबैमा यो सूचना जारी गरिएको छ । अन्यथा नियमानुसार भै जाने व्यहोरा अनुरोध छ ।

**निम्न:**

१. मिति २०८१ आश्विन मसान्तभित्र व्यवसाय नयाँ दर्ता तथा नवीकरण गर्न आएमा व्यवसाय करमा १० प्रतिशत छुटको व्यवस्था,
२. अन्य निकायमा दर्ता भई संचालनमा रहेको तर हेटौंडा उपमहानगर पालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायहरूलाई चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र व्यवसाय दर्ता गर्दा आ.व. २०७८/०७९ भन्दा अगाडीको व्यवसाय कर र घर बहाल करमा शत प्रतिशत छुट दिने व्यवस्था,
३. आ.व. २०७८/०७९ भन्दा अगाडी यस कार्यालयमा व्यवसाय दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएका उद्योग तथा व्यवसायीहरूको हकमा चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र नवीकरण गर्न आएमा आ.व. २०७८/२०७९ भन्दा अगाडीको व्यवसाय कर र घर बहाल करमा छुट दिई व्यवसाय नवीकरण गरिनेछ ।
४. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र संचालित व्यवसाय बन्द गर्दा चालु आर्थिक वर्षको व्यवसाय कर तथा व्यवसाय बन्द भन्दा अगाडी अवधिको बहाल कर फरफारक भएपछि मात्र बन्द गरिने र विभिन्न प्रयोजनको लागि आर्थिक ऐन २०८१ अनुसार निश्चित समयका लागि घर बहाल कर बुझाउनु भएका करदाताहरूले घर बहाल कर समयमा नै आई बन्द समेत गर्नुहुन जानकारी गराईन्छ । समयमा बन्द नगरेमा घर बहाल कर मासिक रूपमा गणना हुँदै जाने व्यहोरा अनरोध छ ।

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

# मन्दिर परिसर सरसफाई तथा रंगरोगन

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ नेपालमा लायन्स क्लब स्थापना दिवसको अवसरमा थाहा नगरपालिका-२, स्थित पाथिभरा मन्दिर परिसरमा सरसफाई तथा रंगरोगन कार्य भएको छ ।

लायन्स क्लब अफ थाहा पिस र लियो क्लब अफ पिस थाहा नगरको आयोजना एवम् पाथिभरा क्षेत्र संरक्षण समितिसँगको समन्वयमा मन्दिर सरसफाई तथा रंगरोगन गरिएको हो । शुक्रबार लियो क्लब अफ पिस थाहा नगरकी प्रथम उपाध्यक्ष सितल बिष्टको अध्यक्षतामा पाथिभरा मन्दिर परिसरमा भएको कार्यक्रममा थाहा नगर पालिका वडा नम्बर २ का वडा अध्यक्ष बमबहादुर सिन्तानको प्रमुख आतिथ्यता थियो ।

कार्यक्रममा प्रमुख अतिथि सिन्तानले पाथिभरा मन्दिर लाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सबै पक्ष सक्रिय हुनुपर्ने बताए । उनले पाथिभरा क्षेत्रको प्रबर्द्धनमा लियो क्लबले गरेको योगदानको प्रशंसा गरे । लियो क्लब अफ पिस थाहा नगरका सहसचिव नारायण कार्कीको संयोजकत्वमा भएको कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर २ का वडा सदस्य युवराज विष्ट, घाटदेवी आधारभूत विद्यालय ब्यवस्थापन समिति अध्यक्ष वीरबहादुर तामाङ, पाथिभरा क्षेत्र संरक्षण समितिका अध्यक्ष माधव कार्की, लियो क्लब अफ पिस थाहा नगरका पूर्वअध्यक्ष कमल विष्ट, निवर्तमान अध्यक्ष तथा रिजन को-अर्डिनेटर रोशनी गोपालीको आतिथ्यता थियो ।

समाजसेवा मुख्य उद्देश्य भएको लायन्स क्लब नेपालमा ५४ वर्ष अघि १९७१ साल साउन २५ गते पूर्वप्रधानमन्त्री स्व. मातृकाप्रसाद कोईरालाको नेतृत्वमा स्थापना भएको थियो ।




## अधुरो योजनाप्रति...

थाहा नगरपालिकाका नगर प्रमुख विष्णुबहादुर विष्टले करिब १० वर्षदेखिको अधुरो योजनालाई पूरा गर्न मन्त्रालयले सहयोग गरिदिन आग्रह गरे । स्थानीय तहको बजेटको आकार सानो भएकाले योजनाका लागि लगानी गर्न नसकेको उल्लेख गर्दै विषयगत मन्त्रालयको सहयोग आवश्यक भएको औंल्याए । उपप्रमुख भरत गोपालीले खानेपानी मन्त्रालयबाट बजेटको व्यवस्था गरी शुद्ध पानीसहितको धारा उद्घाटन गर्ने अवस्था सृजना गरिदिन मन्त्री खड्कासंग आग्रह गरे ।

खानेपानी योजनाको अनुगमनमा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, थाहा ५ नम्बर वडा अध्यक्ष विष्णुबहादुर गुरुङ, कृषि विकास अधिकृत संजय तिवारी, थाहानगर खानेपानी व्यवस्थापन बोर्डका सुरजकुमार भुजेललगायतको उपस्थिति थियो ।

**सूचना ! सूचना !! सूचना !!!**

*अब किन जानु पऱ्यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्



७०% बैंकिङ सुविधा

हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
**Singhababini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

**हाम्रो सुमो सेवाको**



नयाँ प्रस्तुति...

**Electric Van (EV)**
**विद्युतीय यात्रुबाहक सेवा**





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा–काठमाडौं–हेटौंडा | हेटौंडा–वीरगञ्ज–हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी
**हाम्रो सुमो सेवा**
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना